# स्थानीय राजपत्र

## मायादेवी गाउँपालिका, रुपन्देहीद्वारा प्रकाशित

खण्डः ८ संख्याः ०३ मितिः २०८१/०७/०९

### भाग - २

### स्थानीय सरकार

### मायादेवी गाउँपालिका, रुपन्देहीको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम मायादेवी गाउँपालिकाको, गाउँ कार्यपालिकाले बनाएको तल उल्लेख भए बमोजिमको **"पशु विकास सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# पशु विकास सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०७।०५

**प्रस्तावनाः**

मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यवसायीकरण, रोजगारीमूलक बनाउँदै स्वच्छ, स्वस्थ एवं गुणस्तरीय मूल्यमा पशुपंक्षीजन्य उत्पादनहरू आम उपभोक्ता समक्ष सहज रूपमा पुग्न सक्ने वातावरण सिर्जनाका लागि र व्यावसायिक पशुपालन किसानहरूको मागलाई सम्बोधन गर्न गाउँपालिका स्तरबाट सञ्चालन हुने पशुपन्छी कार्यक्रम र माछापालक कृषकलाई लक्षित गरी मायादेवी गाउँसभाबाट पारित आ.व. २०८१।८२ मा सञ्चालन हुने पशु विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन हुनसकोस् भन्ने अभिप्रायले मायादेवी गाउँपालिका, गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, खण्ड 'ण' सँग सम्बन्धित कार्यको लागि सोही ऐनको दफा १०२ को उपदफा २ बमोजिम यो "पशु विकास सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि" जारी गरेको छ ।

## परिच्छेद १
## परिचय

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **"पशु विकास सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** रहेको छ ।

ख) यो कार्यविधि आ.व. २०८१/८२ मा सञ्चालन हुने पशु विकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ र पशु विकास सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वतः खारेज हुनेछ।

ग) यो कार्यविधिमा कार्यक्रम सहितका जम्मा ९ वटा अनुसूची रहने छन्।

## अनुसूची १

| बजेट रु. मा | कार्यक्रम | लक्ष्य | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरू | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| ३००००० | बाँझोपना निवारणका लागि दुध सङ्कलन केन्द्रमा पशु शिविर तथा निःशुल्क आन्तरिक परजीवी नियन्त्रणका लागि औषधी वितरण | कम्तीमा ४०० वटा गाई/भैंसीलाई औषधी वितरण | ४०० वटा गाई/भैंसीलाई बाँझोपन हटाई दुध उत्पादन बढाउने | ➢ ७ दिने सूचना प्रकाशन गरी माग सङ्कलन गरिनेछ<br>➢ दुध सङ्कलन केन्द्रमा आउने कृषकहरू<br>➢ पशुपालन समूह<br>➢ व्यवसायिक पशुपालन फर्म<br>➢ साना पशुपालकहरू | ➢ भाद्र, असोज महिनामा ७ दिने सूचना प्रकाशन गरी सङ्कलन भएका लाभग्राहीहरूलाई आन्तरिक परजीवी मिनिरल साइलेज अन्य औषधी वितरण गर्ने | ➢ निःशुल्क औषधी वितरण गर्ने |

# अनुसूची २

| बजेट रु. मा | कार्यक्रम | लक्ष्य | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरू | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| ५००००० | पशुपालन समूहका लागि मागमा आधारित कार्यक्रम | पशुपालन समूहका कम्तीमा ४० जना सदस्यहरू | पशुपालनबाट गरिबी निवारण गर्न<br>पशुपालन प्रति युवा/युवतिलाई उत्प्रेरित गर्ने | ➢ गाउँपालिकामा दर्ता भएका पशु पालक समूहहरू | ➢ ७ दिने सूचना प्रकाशन गरी छनोट गर्ने पशुपालन समूहको माग र वडा कार्यालयको सिफारिस अनुसार मटर/ डेलिभरीपाइप / ई.स्प्रे वितरण कार्यक्रम सञ्चालन गर्ने | यन्त्र उपकरणमा ५० प्रतिशत अनुदान वा बढीमा रु २००००/- सम्म अनुदान |

# अनुसूची ३

| बजेट रु. मा | कार्यक्रम | लक्ष्य | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरू | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| ३००००० | मेडिकल उपचार कार्यक्रम | कम्तीमा १२० जना पशुपालक कृषकलाई बितरण गरी ६०० लीटर क्यालसियम मिनरल ३०० वटा गाइभैंसि लाई खुवाउने | गाई/भैंसी, भेडा, बाख्रा तथा पन्छीमा हुने रोग प्रतिरोधात्मक क्षमता बढाउने र पशु धनको सुरक्षा गर्ने दूध/मासु उत्पादन बढाउने र लागत मुल्य घटाउने | ➢ मायादेवी गाउँपालिका भित्रका किसानहरू लाई औषधी वितरण | ➢ किसानले प्रयोग गर्न सक्ने औषधी र पशुचौपायालाई क्याल्सियम र मिनिरल खरिद गरी वितरण गर्ने<br>➢ ७ दिने सूचना प्रकाशन गर्ने<br>➢ निवेदन दिएका र वडा कार्यालयबाट सिफारिस भएका किसानलाई औषधी को प्रयोग र उपयोगिता बारे १ दिने तालिम दिएर वितरण गर्ने | ➢ निःशुल्क औषधी वितरण गर्ने |

# अनुसूची ४

| बजेट रु. मा | कार्यक्रम | लक्ष्य | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरू | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १००००० | पशुपालन किसानका लागि टियोसेन्टी घाँस वितरण | पशुपालन समूहका सदस्य र फर्म दर्ता भएका कम्तीमा १३० जना कृषक | उच्च प्रोटिनबाट हुने रोगबाट बचाउने र दुध/मासु उत्पादनमा लागत मूल्य घटाउने बिउ उत्पादन गर्ने | ➢ गाउँपालिकामा दर्ता भएका पशुपन्छी फर्म<br>➢ गाउँपालिकामा दर्ता भएका पशु पालक समूह र पशु पालक किसान | ➢ ७ दिनको सूचना प्रकाशन गरी माग सङ्कलन गर्ने | ➢ टीयोसेन्टी पशुपालन समूह र दर्तावाला फर्म र पशुपालन समूहका लागि आर्थिक बिकास समितिको निर्णय अनुसार वितरण गर्ने |

# अनुसूची ५

| बजेट रु. मा | कार्यक्रम | लक्ष्य | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरू | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| ३००००० | पशु खोप कार्यक्रम | कम्तीमा ६००० गाई/भैंसीमा भ्यागुते र चरचरे खोप लगाउने | सरुवा रोगबाट पशुधनको सुरक्षा गर्न | मायादेवी गाउँपालिकाका प्राविधिकहरू र भ्याक्सिनेटर प्रयोग गर्ने | ➢ किसानको घर गोठमा गई पशुहरूलाई खोप लगाउने<br>➢ मङ्सिर वा फाल्गुन महिनामा खोप सञ्चालन गर्ने<br>➢ निडिल सिरिन्ज र चर चरे भ्यागुतेको खोप खरिद | ➢ चरचरे भ्यागुते रोग विरुद्ध को खोप निःशुल्क लगाउने |

## अनुसूची ६

| बजेट रु. मा | कार्यक्रम | लक्ष्य | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरू | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| ३००००० | यान्त्रीकरण कार्यक्रम | कम्तीमा २० जना कृषकहरूलाई यन्त्र उपकरण वितरण गर्ने | पशु/पन्छी/ माछा पालनमा नयाँ प्रविधि प्रयोग गरी मानवीय श्रम कम गरी यो पेसालाई युवा मैत्री बनाउने र लागत मूल्य घटाउने, उत्पादन बढाउने | ➢ गाउँपालिकामा नवीकरण भएका पशु पालक फर्म तथा पशुपालक कृषकहरू | ➢ ७ दिने सूचना प्रकाशन गरी लाभग्राही छनोट गरी<br>• इ. च्यापाकटर खरिद<br>• पशुपालन तथा घाँसखेती र माछापालनमा प्रयोग हुने अन्य उपकरण खरिद<br>• पशु उपचारमा प्रयोग हुने माइक्रोस्कोप, बडिजो, फोर्सेप, सिजर, मटर एण्ड पिस्टन खरिद गरी वडालाई वितरण गर्ने | ➢ कुल लागतको ५० प्रतिशत अनुदान वा बढीमा रु. २०००० अनुदान |

## अनुसूची ७

| बजेट रु. मा | कार्यक्रम | लक्ष्य | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरू | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| ३००००० | आन्तरिक परजीवी नियन्त्रण | कम्तीमा ४००० गाई/भैंसी भेडा बाख्रालाई औषधी वितरण | दुध/मासु उत्पादन बढाउने | ➢ मायादेवी गाउँपालिका भित्रका पशु पालक किसानहरू | ➢ किसानले प्रयोग गर्न सक्ने र अन्य अत्यावश्यक औषधी वितरण गर्ने | ➢ निःशुल्क औषधी वितरण गर्ने |

# अनुसूची ८

| बजेट रु. मा | कार्यक्रम | लक्ष्य | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरू | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| २००००० | पशुपालन/ माछापालन तालिम | कम्तीमा ६० जना कृषकहरूलाई तालिम तथा सामग्री वितरण | नयाँ जात र नयाँ प्रविधिबारे जानकारी दिने | ➢ निवेदन दिएका व्यावसायिक पशुपालन माछा पालन किसान | ➢ ७ दिने सूचना प्रकाशन गरी लाभग्राही छनोट गरी विषय विशेषज्ञबाट १ देखी २ दिन सम्म स्थलगत २ वटा तालिम सञ्चालन गर्ने | ➢ गाउँपालिका नम्स अनुसार तालिम सहभागीलाई मिनिरल/ घाँस र प्रोभाइटिक मिनि कीट निःशुल्क वितरण गर्ने |

## अनुसूची ९

| बजेट रु. मा | कार्यक्रम | लक्ष्य | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरू | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १५०००० | पोषण सुधार कार्यक्रम | कम्तीमा ४० जना कृषकहरूलाई वितरण गर्ने | पोषण सुधार तथा आय आर्जन गर्ने | ➢ दलित, जनजाति, महिला | ➢ ७ दिने सूचना प्रकाशन गरी लाभग्राही छनोट गर्ने<br>➢ ३ हप्ता का कुखुराका चल्ला, गिरिराज तथा अन्य जातका चल्ला वितरण गर्ने | ➢ ३ हप्ताका कुखुराका चल्ला निःशुल्क वितरण गर्ने<br>➢ अति आवश्यक खोप तथा औषधीका लागि किसानले बढीमा प्रति चल्ला रु ३०/- बेहोर्नु पर्नेछ |

आज्ञाले

**लेखनाथ पोखरेल**

प्रमुख प्रशासकीय अधिकृत